३२ (४) 0631066

बैठक संख्या : /२०७६-०७७

आज मिति २०७६।८।२२ गते आइतबार विहान ११.०० बजे कपुरकोट गाउँ कार्यपालिकाका अध्यक्ष श्री भिमबहादुर सेन को अध्यक्षतामा आयोजित कार्यपालिकाको बैठक निम्न सहभागीहरुको उपस्थितिमा निम्न बमोजिमको प्रस्तावहरुमा छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भिमबहादुर सेन | |
| २ | उपाध्यक्ष | श्री तिला बुढा मगर | |
| ३ | सचिव | श्री हिरालाल भण्डारी | |
| ४ | वडाध्यक्ष वडा नं. १ | श्री बालाराम खड्का | |
| ५ | वडाध्यक्ष वडा नं. २ | श्री मानबहादुर राना | |
| ६ | वडाध्यक्ष वडा नं. ३ | श्री मिनबहादुर सेन | |
| ७ | वडाध्यक्ष वडा नं. ४ | श्री हरिलाल पुन | |
| ८ | वडाध्यक्ष वडा नं. ५ | श्री यमकुमार बस्नेत | |
| ९ | वडाध्यक्ष वडा नं. ६ | श्री हेरमबहादुर बुढाथोकी | |
| १० | कार्यपालिका सदस्य | श्री कमला वि.क. | |
| ११ | कार्यपालिका सदस्य | श्री भिमा भण्डारी | |
| १२ | कार्यपालिका सदस्य | श्री ललिता ~~एसी~~ गिरी | |
| १३ | कार्यपालिका सदस्य | श्री शान्ता वली | |
| १४ | कार्यपालिका सदस्य | श्री ठकविर कामी | |
| १५ | कार्यपालिका सदस्य | श्री यमुना नेपाली | |

आमन्त्रीत

शंकर के०सी, गा प्र

कपुरकोट गाउँ कार्यपालिको (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ९(१) वमोजिम
अध्यक्षवाट सिधै प्रस्तुत प्रस्तावहरु

१. झोलुंगेपुल निर्माण सम्वन्धी,
२. विद्यालयको अन्तिम लेखा परीक्षण सम्वन्धी,
३. शैक्षिक व्यवस्थापन तथा शैक्षिक सुधार कार्यक्रम सम्वन्धी,
४. भ्याक्सिनेटर नियुक्त गर्ने सम्वन्धी,
५. विद्यालय भवन निर्माण रकम भुक्तानी दिने सम्वन्धी,
६. करारमा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी,
७. रोजगार संयोजकको पदपूर्ति सम्वन्धी,
८. सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्ने सम्वन्धी,
९. प्रहरी चौकी कपुरकोटलाई इन्धन उपलव्ध गराउने सम्वन्धी,
१०.वेरोजगारलाई रोजगार दिने सम्वन्धी,
११.छैठौं गाउँसभाको मिति तय गर्ने सम्वन्धी ।

निर्णय नं. १
कपुरकोट गाउँपालिका भित्रका सिस्नेरी–घुरखोला झोलुंगेपुल र धैरेनीखोला झोलुंगेपुलको डिपीआर लगायतका कार्य गर्नका लागि सल्यान जिल्लामा क्रियाशील गैरसरकारी संस्था शारदा सँग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. २
कपुरकोट गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको आ.व. २०७५।०७६ को अन्तिम लेखा परीक्षण गर्नका लागि दरखास्त आव्हान गरी सूचीकृत भएका लेखा परीक्षकहरुको नामावली प्राथमिकता क्रम मा सिफारिश गरी पठाउन भनी विद्यालयहरुमा पठाइएकोमा विद्यालयवाट प्राथमिकताक्रम नं. १ मा सिफारिश गरी आएको लेखा परीक्षकलाई विद्यालयहरुको अन्तिम लेखा परीक्षणका लागि नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३
कपुरकोट गाउँपालिकाको शिक्षा व्यवस्थापन तथा शैक्षिक सुधार कार्यक्रम तर्फ आ.व. २०७६।०७७ मा विनियोजन गरिएको तपसिल वमोजिमको कार्यक्रम/वजेट सार्वजनिक खरिद ऐन र नियमावली वमोजिम गर्ने गरी सम्वन्धित विद्यालय व्यवस्थापन समिति मार्फत कार्यान्वयन गर्ने र खरिद तथा व्यवस्थापनको कार्य सम्पन्न भएपश्चात नियमानुसार बिल भरपाई लगायतका कागजात प्राप्त भएपछि उक्त रकम सम्वन्धित विद्यालयको खातामा निकासा गरिदिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो:

क) सि.नं. ३ जीवनज्योती मा.वि.रीम शैक्षिक उपलव्धि स्तरवृद्धि अनुदान रु.५५०००।०
ख) सि.नं. ४ विद्यालय पुस्तकालय स्थानपना तर्फ रु.२७००००।०
ग) सि.नं. ५ सूचना प्रविधि स्थानपना तथा व्यवस्थापन (आइसीटी) तर्फ रु.९०००००।०
घ) सि.नं. ६ विज्ञान प्रयोगशाला स्थापना तर्फ रु. ९०००००।०
ङ) इसीडी शैक्षिक सामाग्री व्यवस्थापन तर्फ रु. ८०००००।०

निर्णय नं. ४
कपुरकोट गाउँपालिका भौगोलिक हिसावले अलि विकट भै कार्यालयको मौजुदा जनशक्तिवाट पशु भ्याक्सिनेसनको कार्य गर्न कठिन हुने र गाउँपालिकाको आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु सेवा शाखा तर्फ सशर्त अनुदान रु.१२५०००।० विनियोजन समेत भएकोले सो रकमवाट मासिक रु. १७०००।० पारिश्रमिक दिने गरी २०७६ पौषदेखि २०७७ असार मसान्त सम्म ७ महिनाका लागि प्रदीप रानालाई भ्याक्सिनेटर नियुक्त गरी कामकाज लगाउने गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ५

कपुरकोट गाउँपालिका वडा नं. ६ अन्तरगत श्री सरस्वती आधारभूत विद्यालय रातामाटा सल्यानमा आ.व. २०७५।०७६ मा शिक्षा तर्फ सशर्त अनुदान तर्फको बजेटवाट २ कोठे भवन निर्माण गर्न भनी २०७६।२।७ मा सम्झौता गरी पेश्की रकम दिई निर्माण कार्य गराइएकोमा आ.व.को अन्तसम्म पनि सो कार्य सम्पन्न नभएको कारण भुक्तानी नभएको र हाल कार्य सम्पन्न भएको भनी विद्यालय व्यवस्थापन समिति तथा वडा कार्यालयको सिफारिश, प्राविधिक शाखाको कार्यसम्पन्न प्रतिवेदन,अनुगमन समितिको सिफारिश साथै राखी योजना शाखाको टिप्पणि सहित फाइल पेश भएको सन्दर्भमा सन्तोषजनक रुपमा काम सम्पन्न भएको देखिदा भवन निर्माणको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६

यस कार्यालय र मातहतका वडा कार्यालयमा रिक्त रहेका तपसिलमा उल्लेखित प्राविधिक पदहरु स्थायी पदपूर्ति भएमा वा अन्य वैकल्पिक व्यवस्था भएमा स्वत: हट्ने गरी तत्कालका लागि करारमा पूर्तिगर्नका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो :

**क) पदपूर्ति गरिने पद र संख्या:**

अ) सब इन्जिनियर, पाँचौ तह ......................... ३ (तीन)

आ) असिष्टेण्ट सब इन्जिनियर, चौथो तह .............. २ (दुई)

ख) छनौट समिति

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत हिरालाल भण्डारी | सँयोजक |
| २. इन्जिनियर (प्राविधिक शाखा प्रमुख) | सदस्य |
| ३. बुद्विराज पौडेल (सूचना प्रविधि अधिकृत) | सदस्य |

**ग) छनौट विधि : छोटो सूची र अन्तरवार्ता**

**घ) छनौटको आधार:**

शैक्षिक योग्यता : ६० अंक

अनुभव: १० अंक

स्थानीयता : १० अंक

अन्तरवार्ता : २० अंक

(१) न्यूनतम शैक्षिक योग्यता : सब इन्जिनियरका लागि प्रमाण पत्र तह (सिभिल) र असिष्टेण्ट सब इन्जिनियरका लागि सम्वन्धित विषयमा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण (त्रि.वि.वि.को श्रेणी विभाजन अनुसार प्राप्तांकको आधारमा विशिष्ट श्रेणी भए ६० अंक, प्रथम श्रेणी भए ५५ अंक, द्वितीय श्रेणी भए ५० अंक र तृतीय श्रेणी भए ४५ अंक )

(२) सम्वन्धित कामको अनुभव प्रति वर्ष २ अंकका दरले बढीमा १० अंक प्राप्त हुने । (अनुभवको प्रमाण फाइल साथ हुनु पर्ने )

(३) स्थानीयताको हकमा कपुरकोट गाउँपालिका भित्रको स्थायी बसोबास भए १० अंक, कपुरकोट वाहेक सल्यान जिल्ला भित्र स्थायी बसोबास भए ५ अंक (सम्वन्धित वडा कार्यालयवाट स्थायी बसोबासको प्रमाणित फाइल साथ पेश हुनुपर्ने )

(४) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको ।

**ङ) करार अवधि :**अन्य तरिकावाट पदपूर्ति नभएमा २०७७ असार मसान्त सम्म । कार्य सन्तोषजनक भएमा र पद रिक्त रहेमा आगामी आ.व.मा करार निरन्तरता गर्न सकिने ।

**च) आवेदन दस्तुर:** सब इन्जिनियरको लागि रु. ४००।० र असिष्टेण्ट सब इन्जिनियरका लागि रु.३००।०

CS CamScanner

निर्णय नं. ७
रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ अनुसार कपुरकोट गाउँपालिकाको लागि रोजगार संयोजकको पदपूर्तिको लागि सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८
वित्तीय जोखिम न्यूनीकरण गर्न र सुरक्षित तवरले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सरकारी उद्देश्य एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव समेतका आधारमा कपुरकोट गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको भत्ता रकम बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९
कपुरकोट गाउँपालिका भित्र रहेको प्रहरी चौकी कपुरकोटको लागि मासिक ३० लिटर डिजल र १० लिटरका दरले पेट्रोल उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १०
प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा मिति २०७६।०८।२५ सम्म आयोजना माग गरी पठाउनुपर्ने भएकाले यस गाउँपालिकाका ६ वटै वडा कार्यालयहरुले मिति २०७६।०८।२४ गते भित्र गाउँपालिकामा योजनाहरु छनौट गरी पठाईसक्नुपर्ने निर्णय गरियो ।

निर्णय नं. ११
आर्थिक वर्ष २०७६।०७७ को हिउँदे अधिवेशन (छैठौं गाउँसभा) मिति २०७६।०९।०५ गते ११.० बजे गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।